# छार्का ताङसोङ गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०८१
# प्रतिवेदन

**सहजीकरण**

**सहमत मिडिया प्रालि**

## छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागकोट-डोल्पा ।

## २०८१ बैशाख १५ गते

# विषय सूची

१. विषय प्रवेश ......................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .......................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ...........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .............
७. निष्कर्ष .......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ६ : पालिकाको सेवा प्रवाह र विकास निर्माण .......
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ ..........
अनुसूची ८ : कार्यक्रमको उपस्थिति ..........

## १. पृष्ठभुमी

नेपालको संविधानमा व्यवस्था भए अनुसार तीन तहका सरकारहरु गठन भई विभिन्न विकासमुलक तथा सेवामुलक कार्यहरु हुँदै आएका छन् । स्थानीय सरकारले जनताको नजिकको सरकारको रुपमा आफुलाई स्थापित गर्दै जनताको घरदैलो सम्म पुगी उनीहरुको मर्म अनुसार योजना निर्माण गरी कार्यान्वयन गरिरहेको देखिन्छ । साथै स्थानीय सरकारले आफ्नो वार्षिक नीति तथा योजना र बजेटमा जवाफदेही, पारदर्शी र उत्तरदायी सरकार स्थापना गर्ने लक्ष्य राखी विभिन्न गतिविधीहरु समेत संचालनमा ल्याएको पाइन्छ । यसबाट स्थानीय सरकार प्रति जनताको अपनत्व बृद्दी हुन गइ कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता आउनुका साथै तोकिएको लक्ष्य प्राप्त गर्न समेत मद्दत पुग्दछ ।

केही स्थानीय सरकारले दीर्घकालीन लक्ष र पालिका गौरवका योजनाहरु छनोट गरी कार्यान्वयन र प्रभावकारिता अनुगमन तथा व्यवस्थापन पनि गरेको छ । यसका लागि प्रदेश र संघ सरकारसँग हातेमालो गर्दै समावेशी विकासमा ध्यान दिएका छ । यसबाट समग्र पालिकाको विकास नतिजामा सुधार हुनुका साथै सेवा प्रवाह समेत द्रुत हुनेमा विश्वस्त हुन सकिन्छ । लोकतन्त्रका हरेक पहरेदारले शिक्षा, स्वास्थ्य र रोजगारीसहित नागरिकका आधारभूत अधिकार र सार्वजनिक सेवा प्रवाहमा राज्य संयन्त्रलाई खबरदारी गर्नुपर्छ । नागरिकहरुको विवेकपूर्ण हस्तक्षेपले सार्वजनिक निकायहरु जवाफदेही हुन्छन् । संघीय शासन प्रणाली अन्तर्गत आम नागरिकको स्थानीय सरकारको क्षेत्राधिकार भित्र प्रत्यक्ष सरोकार रहने तथा सरोकारका व्यक्ति र निकायको अर्थपूर्ण एवम् रचनात्मक सहभागीताका लागि सार्वजनिक सुनुवाई कार्यक्रम अपरिहार्य र अनिवार्य छ ।

स्थानीय सरकारको कानून, नीति, कार्यक्रम, निर्णय र सेवा प्रवाह सम्बन्धि सूचनाहरु अद्यावधिक गर्नुका साथै सरोकारवाला सामु पुऱ्याउनु पर्ने दायित्व छ । नागरिक सहभागीता र सेवाप्रदायकको जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको परिकल्पना गरिएको छ । अतः यस्ता कार्यक्रमले पालिका सरकारका कार्यक्रमहरुबारे जनतालाई जस्ताका त्यस्तै जानकारी गराइ तथा जनताका समस्या तथा गुनासाहरुबारे प्रत्यक्ष सम्बोधन गर्न सकिने अवस्था बन्दछ । यसबाट संविधानले परिकल्पना गरेको सहकारिता, सहकार्य र समन्वयमा विकास निर्माण गर्न सहयोग पुग्नेछ ।

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ । स्थानीय सरकारले पहिलो कार्यकाल व्यतित गरेर दोश्रो कार्यकालको दुई वर्ष पूरा हुने चरणमा छ । राज्यको संरचना मार्फत राज्यशक्तिको बाँडफाँट जनतामा विकेन्द्रित भएको छ । जनताका घर आँगनमा सरकार पुगेको छ । तर घर आँगनका सरकार जनताप्रति उत्तरदायी छन् कि छैनन् भन्ने कुराको जाँच स्वयं नागरिकले गर्नुपर्छ । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । आफ्ना कामबारे जनताले जाँच्छन् । उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन् । पालिकाबाट गरिएका विकास निर्माण कार्यक्रम, उपलब्ध सेवाका सम्बन्धमा सार्वजनिक गरि सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवार सरकार बनाउन सार्वजनिक सुनुवाईको परिकल्पना गरिएको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । हरेक स्थानीय तहको संस्थागत क्षमता स्वः मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाइएको छ । यसको अभ्यास डोल्पाको छार्का ताङसोङ गाउँपालिकाले गर्न थालेको छ । सुरुमा कार्यक्रम गरेपनि विभिन्न बाध्यात्मक परिस्थितिले झण्डै ५ वर्ष कार्यक्रम चल्न सकेन । यद्यपी यो वर्षदेखि कार्यक्रमलाई निरन्तरता दिने लक्ष्य पालिकाले राखेको छ । गाउँपालिकाको आयोजनामा २०८१ बैशाख १५ गते शनिबार पालिकाको कार्यालय प्रांगणमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- गत आवमा सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने,
- जनप्रतिनिधि तथा कर्मचारीले गरेको समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने
- संवैधानिक व्यवस्था तथा सूचनाको हकको कार्यान्वयन गराइने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने,
- गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गराउने
- विगतमा गरिएका कमजोरीको समीक्षा गर्न र आगामी दिनमा त्यसबाट पाठ सिक्दै सुधारको खोजी गर्ने
- सेवाग्राही नागरिकको सचेतना जागृत गराउन तथा जनप्रतिनिधि र कर्मचारीलाई सेवाग्राहीप्रति अधिनस्थ बनाउने
- जनमैत्री सेवा विस्तार गर्न र नागरिकको सेवाप्रतिको सन्तुष्टी जाँच्ने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष सेनाङ गुरुङ, उपाध्यक्ष कर्म ढुण्डुप गुरुङ र प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकमा छलफल र मौखिक सहमति भैसकेको थियो । कार्यक्रम सञ्चालन गर्नका लागि पालिकाको नीति तथा कार्यक्रम र बजेटमा पनि व्यवस्थित गरिएको थियो । सोही निर्णय अनुसार कार्यक्रम गरिएको हो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । कार्यक्रममा सहभागिताका लागि स्थानीय सूचनाको स्रोत उपयोग गरिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना <u>अनुसूची १</u> मा रहेको छ ।***)

घ) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना <u>अनुसूची २</u> मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०८१ बैशाख १५ गते विहान ११ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै साढे ३ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष सेनाङ गुरुङ ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कर्म ढुण्डुप गुरुङले सहभागीलाई स्वागत सँगै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । यस्तै, प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवारलले पालिका र वडा कार्यालयको सेवा प्रवाह तथा विकास निर्माणका बारेमा जानकारी गराउनुभएको थियो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष सेनाङ गुरुङसँगै, उपाध्यक्ष कर्म ढुण्डुप गुरुङ, प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल, वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, अन्य जनप्रतिनिधिहरु, उपभोक्ता समिति र टोलका अगुवा तथा नागरिक समाजका प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न

वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किंदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहजकर्ताले नै सार्वजनिक गर्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो । ***(सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । )***

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष सेनाङ गुरुङ, उपाध्यक्ष कर्म ढुण्डुप गुरुङ, प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवालसँगै वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, गाउँका अगुवाहरु, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, विभिन्न समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो । (***सहभागीहरुको विवरण अनुसूची ८ मा रहेको छ ।***)

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष सेनाङ गुरुङ, उपाध्यक्ष, कर्म ढुण्डुप गुरुङ, प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजुवाल, वडाध्यक्षहरु र शाखा प्रमुखहरुले जवाफ दिनुभयो ।

(***खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ७ मा रहेको छ ।***)

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रम भव्य उपस्थितिका बीच सम्पन्न भएको छ । गाउँपालिका कार्यालय भएको ठाउँमा कार्यक्रम गरिएको थियो । डोल्पा यसैपनि भौगोलिक दृष्टीकोणले निकै विकट जिल्ला हो । त्यसमा पनि छार्का ताङसोङ गाउँपालिका झनै विकट पालिका हो । भौगोलिक विकटता र अन्य विभिन्न जटिल अवस्थाका बावजुत प्राय: सबै वडाबाट नागरिकहरु कार्यक्रममा उपस्थित हुनुभयो । केहीले पालिकाको सेवा प्रवाह र विकास निर्माणका बारेमा आफ्ना धारणाहरु राख्नुभयो भने अस्पष्ट भएका विषयहरुमा प्रश्न सोध्नुभयो । कार्यक्रमलाई व्यवस्थित गर्न र सहभागीता बढाउन विभिन्न माध्यमबाट सूचना प्रवाह गरिएको थियो । खेती किसानीको समय चलिरहेका कारण सबै नागरिकहरु उपस्थित हुन भने सक्नुभएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो । सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा वडा र टोल तहबाट धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

एक कार्यकाल जनप्रतिनिधिले ब्यतित गरेर दोस्रो कार्यकालको झण्डै आधा अवधी पुगिसक्दा पनि प्रणालीगत सुधार र नयाँपन आउन नसक्दा आम नागरिकहरुमा आक्रोश घटेको छैन । यद्यपी जनसेवा भने पहिले भन्दा बढेको छ । जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुती भएको छ । यसमा पनि थप सुधारहरु आवश्यक छन् । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं । छार्का ताङसोङ गाउँपालिकाका वडाबाट अझै प्रभावकारी सेवा प्रवाह हुन सकेको छैन । थोरै कर्मचारीबाट काम गर्नुपर्ने बाध्यता एकातिर छ भने वडा सरकार लगभग रित्तो जस्तो देखिन्छ । कर्मचारीहरु पहिले भन्दा धेरै समय पालिकामा बस्न थालेका छन्, यो राम्रो र सकारात्मक पक्ष हो । पालिका र वडा कार्यालयहरुबीचको दुरी धेरै भएका कारण सेवा लिन सबै नागरिकहरु पालिकामा सहजै आइपुग्न सकेका छैनन् । उनीहरुले घुम्ती कार्यालय सञ्चालनका लागि सुझाव दिएका छन् । पालिका कार्यालय अपायक भएका कारण नागरिकहरुको गुनासो स्वभाविक रुपमा बढी छ र अपेक्षा पनि बढी नै छ । खासगरी पालिकाको पुँजीगत खर्च कम भएको, अन्य विकास प्रगतीपनि उल्लेख्य हुन नसकेको समस्या उस्तै छ । हिमाली क्षेत्रमा विकास निर्माण सजिलो अवश्य छैन । भुगोलको जटिलताका बाबजुत सडक विस्तारलाई तीब्रता दिइएको छ । आर्थिक प्रणाली बैंक मार्फत व्यवस्थित गरिएको छ । पारदर्शीताका अवयवहरुलाई सूचारु गरिएको छ । आगामी दिनमा आर्थिक वर्षको सुरुदेखि नै कामको गती बढाउनुपर्ने अनिवार्य आवश्यक्ता छ । तवमात्रै नागरिकहरुले संघीयताको महशुस गर्न पाउने छन् । सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आसा गरेका छौं ।

## ८. अनुसूचीहरु

# अनुसूची १

*सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना*

**छार्का ताङसोङ गाउँपालिकको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

डोल्पाको छार्का ताङसोङ गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०८१ बैशाख १५ गते शनिबारका दिन बिहान ८ बजे पालिकाको प्रांगणमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**कागकोट, डोल्पा ।**

# अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

छार्का ताङसोङ गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या २५ जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | २८ प्रतिशत |
| योजनाको जाँचपास गराउन | ३२ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | १८ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | २० प्रतिशत |
| अन्य कुनै भए | ३८ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |

| | | |
|---|---|---|
| ५२ प्रतिशत | ४० प्रतिशत | ८ प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| ३६ प्रतिशत | ६० प्रतिशत | ४ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| | | |
|---|---|---|
| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| ९२ प्रतिशत | ८ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| | | |
|---|---|---|
| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ३२ प्रतिशत | ६४ प्रतिशत | ४ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ६४ प्रतिशत | ३२ प्रतिशत | ४ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| ३६ प्रतिशत | ५६ प्रतिशत | ८ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. गाउँपालिकाले सबै घरमा ग्याँस सिलिण्डर वितरण गरेको राम्रो लाग्यो ।
२. पालिकासम्म सडक ल्याउन प्रयास भैरहेको छ । हामी निकै खुसी छौं ।
३. जिल्लासम्म पुगेर लिनुपर्ने सुविधा पालिका र वडाबाटै पाएका छौं ।
४. पालिकाले सञ्चालन गर्ने योजना र कार्यक्रमहरुको सूचना आउन थालेको छ ।
५. पालिकाले गाउँगाउँमा गएर घुम्ती सेवा दिन्छ, पालिका आउन नसक्नेलाई सजिलो भएको छ ।
६. कार्यालयमा पहिलेभन्दा धेरै समय कर्मचारी बस्न थालेका छन् । नबुझेको कुरा पनि बुझाइदिन्छन् । नयाँ प्रमुख प्रशासकीय अधिकृत आएपछि धेरै नै सुधार भैरहेको छ ।
७. गाउँपालिका कार्यालय राम्रो बन्दै गएको छ ।
८. गाउँमा हुने विवाद अध्यक्ष र उपाध्यक्षले मिलाइदिन्छन् ।
९. दुख परेका बेला जनप्रतिनिधिलाई भन्न सजिलो भएको छ । धेरथोर सम्बोधन पनि हुन्छ ।
१०. स्वास्थ्य संस्थाहरुले बालबालिकालाई महिनै पिच्छे खोप लगाइदिन्छन् । स्वास्थ्य चौकीहरुमा कर्मचारी भेटिन थालेका छन् ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. गाउँपालिकाबाट दिइने सिफारिस दस्तुरको शुल्क निकै महंगो भयो । आगामी वर्षदेखि घटाइयोस् । साथै यसरी दिइने सिफारिस र घटना दर्ताका कागजातहरु अंग्रेजी भाषामा समेत बनाइदिनुपर्‍यो ।
२. वडा नम्बर ५ मा अहिलेपनि आफ्नै भवन छैन । तत्कालै भवन बनाउनुपर्‍यो, वडा सचिव पनि निरन्तर बस्ने गरी पठाइदिनुपर्‍यो । अरु वडाहरुमा पनि वडाबाटै सेवा दिने व्यवस्था मिलाउनुपर्‍यो, हामीले सिंह दरबार आएको महशुस नै गर्न पाएनौं ।
३. पालिका कार्यालय साह्रै अपायक र टाढा भयो । बेला बेलामा घुम्ती सेवा दिने व्यवस्था गर्नुपर्‍यो । योजनाको सम्झौता र भुक्तानी पनि वडाबाटै गर्न पाए सजिलो हुन्थ्यो ।
४. पालिकाभित्रका होटल र पसलहरु दर्ता भएका छन् कि छैनन् ? उनीहरुलाई करको दायरामा ल्याउन के योजना छ ? पसलहरुमा म्याद गुज्रेका सामग्री विक्रि भैरहेका छन् । अनुगमन कसले गर्छ ?
५. योजनाहरुको स्टिमेट बुझिने भाषामा बनाउन मिल्दैन ? भाषा नबुझेर काम गर्न साह्रै सकस परेको छ ।
६. कागकोटका घरघरमा धारा छन् । तर पानी आउँदैन । पालिकाले बजेट पनि छुट्याइरहेको छ । दीर्घकालीन समाधानको उपाय खोजियोस् । पानीको समस्या हिउँदमा धेरै हुन्छ ।

७. पालिकामा करारका कर्मचारी पनि बाहिरबाट आउँछन् । पालिकाकै मान्छेलाई राख्न मिल्दैन ?
८. स्वास्थ्य संस्थाहरुमा सरकारले दिने भनेको निशुल्क औषधी पनि सहजै पाइँदैन । उपचार पनि खासै राम्रो छैन । सुधार गरियोस् ।
९. सञ्चालन गरिएका योजनाहरुमा बेलाबेलामा अनुगमन गर्नुपर्‍यो । काम सकिएपछि अनुगमन गर्दा गुणस्तर भएन
१०. घरघरमा शौचालय छ । तर खुला ठाउँमा दिशा पिसाव भैरहेको छ । नियन्त्रण गरिनुपर्‍यो ।
११. फोहोर व्यवस्थापन गर्न पालिकाले डम्पिङ साइट तोकेको छ तर फोहोर व्यवस्थापन राम्रो भएको छैन । जथाभावी फोहोर गर्नेलाई कारबाहीको दायरामा ल्याइयोस् ।
१२. अहिले कागकोट क्षेत्रमा वन फडानी धेरै भैरहेको छ । नियन्त्रण गर्न पालिकाको ध्यान किन पुगेको छैन ?
१३. सामाजिक सुरक्षा भत्ता बैंक खातामा हालिदिन्छ, राम्रो हो । तर टाढाबाट बैंकसम्म लिन जान सक्ने अवस्था भएन । अशक्तहरुलाई घरघरमै भत्ता दिन मिल्दैन ?
१४. कागकोटमा अघिल्लै वर्ष झोलुंगे पुल बनेको हो । त्यसको भुक्तानी अहिलेसम्म पाइएन । कामदारलाई ज्याला दिन पनि सकिएको छैन । छिटो भुक्तानी दिने व्यवस्था गरिदिनुपर्‍यो ।
१५. पालिकाका स्वास्थ्य संस्थामा आउने औषधीहरुको म्याद निकै कम मात्रै हुन्छ । कि समयमा खरिद गर्नुपर्‍यो, नभए म्याद हेरेर ल्याउनुपर्‍यो ।
१६. पालिकाले सञ्चालन गरेका कतिपय योजनाहरुमा ठेकेदारले ढिलासुस्ती गरिरहेका छन् । ढिलो काम गर्ने र अल्छि गर्ने ठेकेदारलाई कानुनको दायरामा ल्याइयोस् । छिटो काम सक्ने वातावरण बनाउनुपर्‍यो ।
१७. कार्यालयभरी कर्मचारी छन् । तर काम चाहीँ २-४ जना कर्मचारीले मात्रै गरिरहेका छन् । सबैलाई जिम्मेवारी अनुसार काम गर्ने वातावरण बनाइनुपर्‍यो ।
१८. पालिकाका सबै वडाहरुमा ग्याँस र चुल्हा वितरण भैसकेको छ । कागकोटमा कहिले वितरण हुन्छ ?
१९. कागकोटको जग्गा नापी समस्या छिटो टुंग्याइनुपर्‍यो । नापीका मान्छे आउने सुनेको हो, कहिले आउँछन् ?
२०. गाउँपालिकाभित्र एउटा पनि मावि विद्यालय छैन । आवासीय सहितको विद्यालय चलाउन सकिँदैन ?

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**छार्का ताङसोङ गाउँपालिकाका विभिन्न वडाका नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि २५ जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३६ प्रतिशत | ५२ प्रतिशत | १२ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ८० प्रतिशत | १६ प्रतिशत | ४ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ४० प्रतिशत | ० प्रतिशत | ६० प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| १२ प्रतिशत | ४८ प्रतिशत | ४० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| २४ प्रतिशत | ४४ प्रतिशत | ३२ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| २० प्रतिशत | ६८ प्रतिशत | १२ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| ५६ प्रतिशत | २० प्रतिशत | २४ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| ३२ प्रतिशत | ३६ प्रतिशत | ३२ प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| १६ प्रतिशत | २० प्रतिशत | ६४ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ४८ प्रतिशत | ५२ प्रतिशत | ० प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| ८० प्रतिशत | २० प्रतिशत | ० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| २८ प्रतिशत | ६४ प्रतिशत | ८ प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| १६ प्रतिशत | ५६ प्रतिशत | २८ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| ४४ प्रतिशत | ४० प्रतिशत | १६ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ० प्रतिशत | ६४ प्रतिशत | ३६ प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९२ प्रतिशत | ४ प्रतिशत | ४ प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ८ प्रतिशत | ६८ प्रतिशत | २४ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| १६ प्रतिशत | ४४ प्रतिशत | ४० प्रतिशत |

# अनुसूची ४


**छार्का ताङसोङ गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८१**
**कार्यक्रम तालिका**

| क.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | सेनाङ गुरुङ-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>कर्म ढुण्डुप गुरुङ-उपाध्यक्ष<br>अमरराज सेजुवाल-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>धावा लामा गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>टसी छोम्वेल गुरुङ-अध्यक्ष, वडा नम्बर २<br>वाङजु गुरुङ-अध्यक्ष, वडा नम्बर ३<br>खुमसुङ रोकाया-अध्यक्ष, वडा नम्बर ४<br>सोनाम साङमो गुरुङ-अध्यक्ष, वडा नम्बर ५<br>कार्मा तेन्जिङ गुरुङ-अध्यक्ष, वडा नम्बर ६<br>कार्यपालिका सदस्य तथा गाउँसभा सदस्यहरु<br>**जवाफदेही**<br>मणिराज पौडेल-सूचना अधिकारी<br>बुद्धिबहादुर धरला-प्रमुख, स्वास्थ्य शाखा<br>विष्णुबहादुर केसी-प्रमुख, पशु शाखा<br>किरण केसी-प्रमुख, सूचना प्रविधि शाखा<br>रामकृष्ण बुढा-प्रमुख लेखा शाखा<br>बमबहादर भण्डारी-पूर्वाधार विकास शाखा<br>डिल्लीराज उपाध्याय-प्रमुख, योजना शाखा<br>भक्तबहादुर बुढा-प्रमुख, प्रशासन, स्टोर<br>भक्तविर केसी-प्रमुख, कृषि शाखा<br>बालिका ओली शर्मा-प्रमुख, महिला शाखा<br>प्रेयंका कुमारी जोशी-प्रमुख, शिक्षा शाखा<br>पदमबहादुर बुढा-पञ्जीकरण शाखा<br>कल्पना कुमारी शाही-प्रधानमन्त्री रोजगार<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक अगुवाहरु, उपभोक्ता समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा उपस्थित नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | कर्म ढुण्डुप गुरुङ-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | अमरराज सेजुवाल-प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | सेनाङ गुरुङ, अध्यक्ष-कर्म ढुण्डुप गुरुङ, उपाध्यक्ष-अमरराज सेजुवाल, प्रमुख प्रशासकीय अधिकृत-वडाध्यक्षहरु-शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | अमरराज सेजुवाल, प्रमुख प्रशासकीय अधिकृत<br>कर्म ढुण्डुप गुरुङ, उपाध्यक्ष<br>सेनाङ गुरुङ, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |

# अनुसूची ५

## कार्यक्रमका केही तस्वीरहरु






























CHHAPKA TANGSONG RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय

# अनुसूची ६

## पालिकाको तर्फबाट प्रदान गरिएको सेवा प्रवाह र विकास निर्माणको अवस्था
## गाउँपालिकाको आम्दानी

| विवरण | अनुमान | प्राप्ती |
|---|---|---|
| संघ सरकार | १४ करोड ९५ लाख | ६ करोड ९६ लाख |
| प्रदेश सरकार | ४ करोड ५७ लाख | ६८ लाख ९९ हजार |
| राजश्व बाँडफाँट | ४ करोड ३० लाख | १ करोड ६७ लाख |
| आन्तरिक आम्दानी | ४ करोड १२ लाख | ४ करोड १२ लाख |
| **कुल बजेट** | **२७ करोड ९५ लाख** | **१३ करोड ४५ लाख** |

**खर्च विवरण**

| विवरण | अनुमान | यथार्थ खर्च |
|---|---|---|
| चालु खर्च | १४ करोड ७ लाख | ६ करोड ७१ लख |
| पुँजीगत खर्च | १३ करोड ८६ लाख | ३ करोड ७८ लाख |
| **कुल बजेट** | **२७ करोड ९४ लाख** | **१० करोड ४९ लाख** |

**घटना दर्ता विवरण**

| विवरण | संख्या |
|---|---|
| जन्मदर्ता | ११५ |
| मृत्युदर्ता | १६ |
| विवाहदर्ता | २ |
| बसाइसराई | १ |
| सम्बन्ध विच्छेद | ० |
| **जम्मा** | **१३४** |

**योजना कार्यान्वयनको अवस्था**

| योजनाको नाम | कार्यान्वयनको अवस्था | योजनाको नाम | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| देउडदेवी लाप्चे सडक | समितिबाट काम भैरहेको | कावु सिंचाई कुलो मर्मत | सम्पन्न भैसकेको |
| लांगुक दुखुङ सडक | समितिबाट काम भैरहेको | डाक्लोवा थेलांभा सडक | सम्पन्न भैसकेको |
| चाउगुङ खोला ग्याविन | काम अन्तिम चरणमा | चंगखा फोलुन सडक | सम्पन्न भैसकेको |
| जेष्ठ नागरिक कोरा निर्माण | सम्पन्न भैसकेको | पालिन्जा झोपु निर्माण | (भुक्तानी बाँकी) |
| डिमेर ढोख्या सडक मर्मत | सम्पन्न भैसकेको | कागकोट झोपु निर्माण | भुक्तानी बाँकी |
| कापादेखि टालाङ सडक | सम्पन्न भैसकेको | | |

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ५ वटा योजना र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६ वटा योजनाहरु कार्यान्वयनको चरणमा रहेको छ। केही योजना सम्पन्न भैसकेको तर अनुगमन गर्न बाँकी रहेको देखियो। अधिकांश योजनाहरु ५० प्रतिशत माथि प्रगती रहेको छ भने केही योजना सुरु भएको छैन।**

# अनुसूची ७

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | आङदावा रोकाया | ➢ कागकोटमा पालिकाले वर्षैपिच्छे खानेपानीको लागि पैसा छुट्याउँछ । एक वर्षको पैसाले टंकी बनायो । अर्को वर्षको पैसाले पाइप ओछ्यायो । तर पानी आएन । पानीको दीर्घकालीन समाधान हुन सकेन<br>➢ भोट क्षेत्रमा पालिकाले ग्याँस वितरण गरेको छ । कागकोटमा पनि वितरणको तयारी भएको देखिन्छ । तर थुपारिएको ठाउँबाट ७ वटा ग्याँस सिलिण्डर हराइसक्यो । ध्यान किन पुगेन ?<br>➢ पालिकाले अनावश्यक ठाउँमा नाला निर्माण गरिरहेको छ । आवश्यक पर्ने ठाउँमा बाटो पनि बनाएन ।<br>➢ भेटेरिनरीमा औषधी लिन गएको थिएँ । तर भ्याक्सीन छैन भनेर फर्काए । अन्ततिर लम्पी स्किनको खोप लगाइएको छ । कागकोटमा किन लगाइएन ? | ➢ निर्माणको बेलामा पनि जनताले ध्यान दिनुपर्छ । ठेकेदारले काम सकेर गएको छ, पानी टंकीमा झरेको थियो । तर अहिले पानी आएको छैन । ठेकेदारसँग कुरा गरेका छौं । मर्मत गर्छौं । तर यहाँ मुहानकै समस्या छ । दीर्घकालीन समाधानका लागि मुहान खोज्नुपर्ने भएको छ ।<br>➢ ग्याँस बाहिरका मान्छेले चोरेको छैन, कागकोटकै मान्छेले चोरेको हो । वडाध्यक्ष र सदस्यहरुले खोजी गर्नुस् ।<br>➢ बाटो नबनाएको होइन । नाला पनि आवश्यक भएर नै बनाइएको हो । बाटो बनाउन जनताले पनि श्रमदान गर्नुस् ।<br>➢ हाम्रा कर्मचारीहरुले १ हप्तासम्म कागकोट बसेर फर्केका हुन् । यहाँका कसैले पनि खोप लगाउन मानेनन् । फेरि चाहिएको हो भने ४ दिनभित्र वितरण गर्छौं । दुनैमा फ्रिजमा राखेका छौं । |

**<u>नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतका विषयमा पालिकाका तर्फबाट जनाइएका प्रतिबद्धताहरु:</u>**

### १. सिफारिस दस्तुर महंगो भयो

हामीले लिने दस्तुर निकै कम छ । कुन शीर्षकमा बढी भएको हो, गुनासो गर्नुस् । महंगो रहेछ भने आगामी वर्ष घटाऔंला । तर तपाईंहरुले रसिद विना पनि रकम तिरिरहनुभएको भन्ने सुनेका छौं । रसिद विना पैसा नतिर्नुस् । कसैले तोकेको भन्दा बढी लिएको भए उजुरी गर्नुस्, कारबाही हुन्छ ।

### २. वडा कार्यालय बनाउनुपर्‍यो, कर्मचारी खटाइयोस्

वडा कार्यालय र स्वास्थ्य चौकीलाई संयुक्त रुपमा चलाउने कि भनेर सोचिरहेका छौं । वडावडामा कर्मचारी पनि साउन पछि जान्छन् । सकेसम्म वडाबाटै सेवा दिने भनेर हामीले योजना बनाइरहेका छौं ।

### ३. पालिका अपायक, घुम्ती सेवा चाहियो

कार्यालय भुगोलका कारण अपायक भएको हो । तर पूर्वाधारबाट नजिक बनाउने प्रयास गरेका छौं । आगामी वर्षबाट घुम्ती सेवालाई बिशेष प्राथमिकता दिन्छौं । टोल र बस्तीबाट सेवा दिने योजना छ ।

### ४. होटल र पसलको अनुगमन पुगेन, म्याद गुज्रेका सामान विक्रि भयो

यहाँका मान्छेलाई बुझाउनै सकिएको छैन । अनुगमन पोहोर गरेको हो । तर कारबाहीको दायरामा ल्याउन सकिएन । अब यो वर्ष पनि अनुगमन गर्छौं । गलत नै गरेको भए कारबाहीको दायरामा पनि ल्याउनुपर्ने भएको छ । अनुगमनलाई तीब्र पार्छौं ।

### ५. योजनाको स्टिमेट बुझिने भाषामा चाहियो

यो समस्या पहिले पनि आएको थियो । इन्जिनियर र प्राविधिकलाई बुझाइदिनुस् भनेका छौं । कुनै समस्या भए प्राविधिकसँग सोध्नुस् । अहिले नै नेपाली वा स्थानीय भाषामा बनाउन सहज छैन । तर प्रयास गर्छौं ।

### ६. पालिकामा करारका कर्मचारी बाहिरका आए

यहाँ पालिकालाई आवश्यक पर्ने कर्मचारीको योग्यता नै पुग्दैन । यहाँका नागरिकहरु पढेका छैनन् । कार्यालय सहयोगी र प्राविधिक कर्मचारी मात्रै करारमा नियुक्त गरेका छौं । सहयोगीहरु अहिले भर्ना गरिएको होइन, पूरानै कर्मचारीबाट चलिरहेको छ । प्राविधिक कर्मचारीहरु भर्ना गर्दा पढेको भए यहींको राख्न हुन्थ्यो, तर छैनन् ।

### ७. योजनाको अनुगमन पुगेन

पहिलेभन्दा त अनुगमन बढाएका छौं । वडास्तरीय अनुगमन समिति पनि छुट्टै छ । पालिकाले पनि प्राविधिक सहित अनुगमन गरिरहेको छ । तर काम राम्रो भैरहेको छैन । रफ्तार बढाउछौं । तर नागरिकहरुले पनि आफ्नो ठाउँमा योजना परेपछि चासो दिनुपर्‍यो । काम भैरहेको ठाउँमा अनुगमन गर्नुपर्‍यो । जनप्रतिनिधि र कर्मचारीले मात्रै गरेर पुग्दैन ।

### ८. खुला ठाउँमा दिशापिसाव हुन्छ

यो चेतनाको अभाव हो । हामीले गएर सँधै ड्युटी बस्ने कुरा भएन । भनेका छौं, वाहिर दिशा पिसाव गर्नुस् भनेर । तर पनि रोकिएको छैन । अव वडा तहमै युवालाई परिचालन गरेर हुन्छ कि छुट्टै समूह बनाएर हुन्छ नियन्त्रणको पहल गर्छौं ।

### ९. फोहोर व्यवस्थापन भएन

पलिकाले डम्पिङ साइट तोकेको छ । प्रदेश सरकारको विशेष अनुदानमा ९० लाखको काम पनि भैरहेको छ । व्यवस्थित गर्ने प्रयास नगरेको होइन । गर्दै छौं ।

### १०. कागकोटमा वन फडानी बढी भयो

हाम्रो आँखै अगाडी फडानी भैरहेको देखेका छौं । कारबाहीको दायरामा ल्याउन नसक्ने त होइन । तर सचेत हुनुस् भन्ने सोचेको हो । फडानी रोकिएको छैन । वनका कर्मचारीहरु आएका छन्, कसरी जाने भनेर छलफल गर्छौं । आइतबार वन समितिसँग छलफल हुँदैछ ।

### ११. सामाजिक सुरक्षा भत्ता घरमै दिनुपर्‍यो

अब हातमा सामाजिक सुरक्षा भत्ता दिन सक्ने अवस्था छैन । बैंक खाता खोल्नुस्, पालिकाले खातामा हालिदिन्छ । अहिले नियम अझै कडा बनेको छ । पञ्जीकरण विभागले खाता भएका लाभग्राहीलाई मात्रै रकम दिने भनेको छ । हातमा पैसा दिन मिल्दैन ।

### १२. कागकोटको झोलुंगेपुलको काम सकियो भुक्तानी पाइएन

सही कुरा हो । २६ लाख ६४ हजार ९ सय १८ रुपैयाँ भुक्तानी दिन बाँकी छ । पालिन्जाको पुलको पनि १६ लाख २१ हजार ४ सय १२ दिन बाँकी छ । केन्द्रबाट पैसा माग गरेको हो, आएको छैन । आउने वित्तिकै भुक्तानी दिन्छौं ।

### १३. औषधीको म्याद किन कम हुन्छ ?

संघ सरकारबाट बजेट निकासा ढिलो हुन्छ । खरिद प्रक्रियामा गएर औषधी ल्याउने बेलासम्म निकै लामो समय घर्किसकेको हुन्छ । म्याद गुज्रिने अवस्थाकै त होइन तर केही कम अवधीका औषधी आएका छन् । तर म्याद गुज्रेपछि उक्त औषधी हामीले वितरण गरेका छैनौं, नगर्न भनेर निर्देशन स्वास्थ्य चौकीहरुलाई दिएका छौं ।

### १४. ठेकेदारले योजनामा ढिलासुस्ती गरेका छन्

यो समस्या पहिलेदेखिकै हो । साउनमा बजेट आउँछ । ठेक्का पनि बेलैमा लाग्छ । तर बैशाखमा काम गर्न थाल्छन् । ३ महिनामा गुणस्तरीय काम पनि हुँदैन । कामको शैली सुधार्नुस् भनेका छौं, तर सकिएको छैन । यद्यपी उनीहरुलाई जिम्मेवार बनाउन हामी प्रतिबद्ध छौं ।

### १५. कागकोटको जग्गा नापी समस्या




नापी छिटै हुन्छ । मान्छे बोलाएका छौं । तर तपाईंहरुले जग्गा मिच्न थाल्नुभएको छ । तोकिएको जग्गा भन्दा बाहिरसम्म काठ दाउरा राख्नुभएको छ । यसलाई तुरुन्त हटाउनुस् । नापीको काम अब केही समयमै हुन्छ भन्ने विश्वास छ । सम्बन्धित ठाउँमा कुरा पुगेको छ ।


### १६. गाउँपालिकामा मावि विद्यालय छैन


विद्यालयको लागि सबैले पहल गरौं । भैरहेका विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न चुनौति भैरहेको छ । तर पालिकामा आवासीय सुविधा सहितको मावि विद्यालय चाहिएको छ । हामी सम्बन्धित निकायसँग पहल गर्छौं ।

## अनुसूची ८

**सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति**








**समाप्त ।**